२०७७ बैशाख १ देखि भदौ १७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण											
पहिरो			बाढी			चट्याङ्ग			कुल जम्मा		
मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते
२४५	५१	१९०	१७	२०	७	५५	०	१९१	**३१७**	**७१**	**३८८**
२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ १७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण											
पहिरो			बाढी			चट्याङ्ग			कुल जम्मा		
मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते	मृत्यु	बेपत्ता	घाइते
२४३	५१	१८९	१४	१९	५	२५	०	७२	**२८२**	**७०**	**२६६**
२०७७भदौ १७ देखि १८ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण											
पहिरो			बाढी			चट्याङ्ग			कुल जम्मा		
महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
०	४	**४**	०	०	**०**	०	०	**०**	०	४	**४**

दैनिक विपद् बुलेटिन

१७ भदौ विहान१०:००बजेदेखि १८ भदौ बिहान१०:००बजेसम्म

नेपालमा विभिन्न जिल्लामा गरी **३** स्थानमा **आगलागी, १** स्थानमा **पहिरो, १** स्थानमा **चट्याङ्ग**का घटना घटेका छन् । यी घटनामा परी **४ जनाको मृत्यु, १३ जना बेपत्ता** भएका छन् । **आगलागी**का कारण **६१ लाख २६ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

मृत्यु संख्या	हराएको	घटना संख्या	घाइते	अनुमानित क्षति रु	सडक अवरोध	चौपाया क्षति
४	१३	५	०	६१,२६,७६०	०	२

घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **५** वटा घट्ना भएका छन् ।
- **बाग्लुङ्ग**को ढोरपाटन नगरपालिका वडा नं ९ भुसुण्डे, दुनेपोखरा, लाकुरीबोटमा अबिरल बर्षाको कारण **पहिरो** जाँदा **४ जनाको मृत्यु, १३ जना बेपत्ता ।** भुसुण्डेमा पार्किङ गरी राखेको ग.१ ज. ४१२५ नं.को पिकअप जिप समेत बगाई लगेको ।
- **सिरहा**को भगवानपुर गाउँपालिका वडा नं १ स्थित एक गोठघरमा अचानक **आगलागी** हुँदा गोठघर पुर्णरुपमा जलि गोठभित्र रहेको बाख्रा १ वटा जलि **६० हजार रुपैंया** बराबरको क्षति ।
- **रौतहट**को राजपुर नगरपालिका वडा नं ९ वैरीया टोलस्थित एक गोठ घरमा घुरबाट अचानक **आगलागी** हुँदा गोठघर आंशिक रुपमा जलि **१ लाख रुपैंया** बराबरको क्षति ।
- **प्युठान**को ऐराबती गाउँपालिका वडा नं १ जाङग्रेस्थित एक गोठमा **चट्याङ्ग** पर्न जाँदा गोठमा रहेको १ वटा गाई, १ वटा बाख्राको मृत्यु भई **१२ हजार रुपैंया** बराबरको क्षति ।
- **हुम्ला**को सर्केगाड गाउँपालिका वडा नं ७ रोडिकोट ठुलागाउँ बाउनवाडास्थित एक व्यक्तिको घरको चुलो नजिकै राखेको दाउरामा आगो सल्किन गई **आगलागी** हुँदा नजिकैका १३ वटा घर समेत पूर्ण रुपमा जली नष्ट भई **५९ लाख ५४ हजार ७ सय ६० रुपैंया** बराबरको क्षति ।

प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट बाग्लुङ्गको पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी रहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

बाढी पूर्वानुमान

१८ (बिहीबार) (विहान ७ बजे देखि २४ घण्टा)

- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, गोरखा, लमजुङ, तनहुँ, कास्की, पर्बत, पाल्पा, नवलपरासी, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, जुम्ला, कालिकोट, अछाम, डोटी, बैतडी, दार्चुला, डडेल्धुरा र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई स-साना नदीमा बहाब केही बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।**

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/

वर्षाको सारांश

भदौ १७ गते बिहान ०८:४५ बजे देखि भदौ १८ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/१८ गते बिहान ०८:४५ बजे १९२ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६० र स्वचालितः १३२) मा मापन गरिएको वर्षाको विवरण अनुसार १३४ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (९७.८मि. मी.) कास्की जिल्लाको लुम्ले केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये ५ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, १२ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ४१ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।



चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।